आज मिति २०८१ साल असार ०९ गते आइतबारका दिन मण्डनदेउपुर नगरपालिकाका नगरप्रमुख श्री टोक बहादुर तामाङको अध्यक्षतामा मण्डनदेउपुर नगरपालिका, नगरकार्यपालिका (कार्यसम्पादन) नियमावली, २०७४ को नियम १० बमोजिम निम्न पदाधिकारीहरूको उपस्थितिमा नगरकार्यपालिकाको ४०औं बैठक बसी देहायबमोजिम निर्णयहरू गरियो ।

उपस्थिति

| क्र.सं. | पद | कार्यालय | नाम, थर | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|---|
| १ | नगर प्रमुख | मण्डनदेउपुर न.पा. | श्री टोकबहादुर तामाङ | | |
| २ | नगर उपप्रमुख | मण्डनदेउपुर न.पा. | श्री विष्णुमणि नेपाल | | |
| ३ | वडा अध्यक्ष | वडा नं. १ | श्री शिवप्रसाद ढकाल | | |
| ४ | वडा अध्यक्ष | वडा नं. २ | श्री राजकुमार मल्ल | | |
| ५ | वडा अध्यक्ष | वडा नं. ३ | श्री पुरूषोत्तम बजगाईं | | |
| ६ | वडा अध्यक्ष | वडा नं. ४ | श्री मैतेसिं तामाङ | | |
| ७ | वडा अध्यक्ष | वडा नं. ५ | श्री हर्कबहादुर लामा | | |
| ८ | वडा अध्यक्ष | वडा नं. ६ | श्री सोमप्रसाद ढकाल | | |
| ९ | वडा अध्यक्ष | वडा नं. ७ | श्री विष्णुप्रसाद पौडेल | | |
| १० | वडा अध्यक्ष | वडा नं. ८ | श्री निरन्जन विष्ट | | |
| ११ | वडा अध्यक्ष | वडा नं. ९ | श्री सिताराम श्रेष्ठ | | |
| १२ | वडा अध्यक्ष | वडा नं. १० | श्री कुमार तामाङ | | |
| १३ | वडा अध्यक्ष | वडा नं. ११ | श्री दिपेन्द्र लामा तामाङ | | |
| १४ | वडा अध्यक्ष | वडा नं. १२ | श्री राजकुमार पराजुली | | |
| १५ | का.पा.सदस्य | मन्डनदेउपुर न.पा. | श्री सुनकुमारी तामाङ | | |
| १६ | का.पा.सदस्य | मन्डनदेउपुर न.पा. | श्री रिता रोक्का | | |
| १७ | का.पा.सदस्य | मन्डनदेउपुर न.पा. | श्री मैयादेवी तिवारी | | |
| १८ | का.पा.सदस्य | मन्डनदेउपुर न.पा. | श्री सविना विसुन्खे रम्तेल | | |
| १९ | का.पा.सदस्य | मन्डनदेउपुर न.पा. | श्री सावित्री दमाई | | |
| २० | का.पा.सदस्य | मन्डनदेउपुर न.पा. | श्री सूर्यबहादुर राई | | |
| २१ | का.पा.सदस्य | मन्डनदेउपुर न.पा. | श्री विकासकुमार राई | | |
| २२ | का.पा.सदस्य | मन्डनदेउपुर न.पा. | श्री भेषबहादुर वि.क. | | |
| २३ | सदस्य सचिव | प्र. प्र. अ. | लक्ष्मी प्रसाद बास्कोटा | | |
| आमन्त्रित | | | | | |
| २४. | लेखा अधिकृत | मण्डनदेउपुर न.पा. | श्री पुष्पराज बजगाईं | | |
| २५. | योजना अधिकृत | मण्डनदेउपुर न.पा. | श्री कासीनाथ नेपाल | | |
| | राम | का.वा. वडा नं.१० | राज कुमार (माझी) | | |

प्र. लो.प. चन्द्रमणि पौडेल

**२०८१।०३।०९ गतेको नगर कार्यपालिकाको ४०औं बैठकका विषयवस्तुहरू (एजेन्डाहरू)**

१. मिति २०८१/०२/११ गतेको कार्यपालिकाको ३९औ बैठकको निर्णय समीक्षा सम्वन्धमा ।
२. मण्डनदेउपुर नगरपालिकाको आवधिक योजना मध्यमकालिन खर्च संरचना निर्माणको म्याद थप सम्बन्धमा।
३. भुक्तानी रकम व्यवस्था सम्वन्धमा।
४. वडा नं.९ लक्ष्मी नेपाललाई आर्थिक सहयोग गर्ने सम्वन्धमा ।
५. विविध।

**निर्णयहरु**

**निर्णय नं.१**

नगर कार्यपालिकाको मिति २०८१/२/११ गतेको ३९ औं नगर कार्यपालिका बैठकले गरेका निर्णयहरुको कार्यप्रगतिको प्रस्तुती तथा छलफल गरी निर्णय कार्यान्वयनको समीक्षा गरियो।

**निर्णय नं.२**

मण्डनदेउपुर नगरपालिकाको आवधिक नगर विकास योजना, नगर यातायात योजना र मध्यकालिन खर्च संरचना तयार गर्ने सम्वन्धी कामका लागि स्वशासन अध्ययन प्रतिष्ठानसँग मिति २०८१ जेठ मसान्तसम्म कार्य सम्पन्न गर्ने गरी परामर्श सेवा खरिदबाट सम्झौता भएकोमा सो प्रतिष्ठानको मिति २०८१/०२/११ को पत्रबाट म्याद थपको लागि अनुरोध भई आए अनुसार उक्त सम्झौताको म्याद २०८१ श्रावण मसान्तसम्म थप गर्ने निर्णय गरियो।

**निर्णय नं. ३**

नगर प्रमुख तथा नगरकार्यपालिकाले विभिन्न मितिमा निर्णय गरी सम्पन्न भएका विभिन्न विकास निर्माण तथा सहयोग लगायतका कार्यक्रमहरुको भुक्तानीका निमित्त बजेट रकम व्यवस्थापन गर्न महंगी भत्ता, नगर सुरक्षा करार सेवा शुल्क, सभा सञ्चालन खर्च, सीपाघाट हिंगुवापाटी फेदी बैकल्पिक सडक, नगरकोट नाल्दुम सडक, विपद व्यवस्थापनका लागि तारजाली खरिद, प्रारम्भिक वातावरणीय अध्ययन (IEE), घरभाडा, सडक बोर्ड साझेदारी बजेट, नगर प्रशासनिक भवन, विद्यार्थी सिकाइ उपलब्धि सुधार, फलफूल खेती प्रवद्र्धन कार्यक्रमहरुमा बाँकी रहेको रकम विभिन्न विकास निर्माणका कार्यक्रमहरु र आवश्यकतामा आधारित विभिन्न कार्यक्रम, सहयोग तथा योजनाहरु शिर्षकमा बजेट थप गरी भुक्तानी गर्ने र यस भन्दा अगाडीको खर्च अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४**

मण्डनदेउपुर नगरपालिका वडा नं. ९ निवासी स्वास्थ्य स्वयंसेविका श्री लक्ष्मी नेपाल लामो समयदेखि Adamantinomatous craniopharyngioma (टाउको सम्बन्धी) रोगको उपचार गराई रहनुभएकोले उहाँको शीघ्र स्वास्थ्य लाभको कामना गर्दै निजलाई रु १,५०,०००/- अक्षरेपी रु एक लाख पचास हजार रकम आर्थिक सहयोग गर्ने निर्णय गरियो ।